माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १० मितिः २०७८/०८/०३

## भाग २

## माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७८ सालको कार्यविधि नं. ६

# शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि-२०७८

शैक्षिक स्तर सुधारमा सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन महत्वपूर्ण भूमिका रहन्छ यस माण्डवी गाउँपालिका अन्तर्गतका संचालित सामुदायिक प्राथमिक (कक्षा १-५) आधारभूत (कक्षा ६-८) तथा माध्यमिक (कक्षा ९-१२) तहगत तथा विषयगत शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण विद्यालयको नियमित पठन पाठन संचालनमा समस्या देखिएको

छ उक्त समस्यालाई माण्डवी गाउँपालिकाको आन्तरिक श्रोतबाट समाधानको प्रयास स्वरूप तोकिएको मापदण्डका आधारमा शिक्षक व्यवस्थापन सहायता अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो **शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि-२०७८** माण्डवी गाउँ कार्यपालिकालले बनाएको छ ।

## परिच्छेद - १

## परिभाषा र व्याख्या

१. संक्षिप्त नाम तथा प्रारम्भः

१) यो कार्यविधिको नाम “माण्डवी गाउँपालिकाको शिक्षा क्षेत्र विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) “गाउँपालिका” भन्नाले माण्डवी गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले माण्डवी गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले माण्डवी गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ ।

ङ) "प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

ज) "विद्यालय" नियमानुसार अनुमति वा  स्वीकृत प्राप्त माण्डवी गाउँपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालय सम्झनुपर्दछ ।

झ) "शिक्षक दरबन्दी" भन्नाले विध्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी सम्झनुपर्दछ

ञ) "न्यून दरबन्दी" भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा ऐनले तोके भन्दा कम दरबन्दी रहेको अवस्था सम्झनु पर्दछ ।

ट) "नियमावली" भन्नाले माण्डवी गाउँपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्दछ

ठ) "आधारभूत विद्यालय" भन्नाले शिशु कक्ष ।र कक्षा १ देखि कक्षा ८ सम्म संचालन भएको विद्यालय सम्झनु पर्दछ ।

ड) "माध्यमिक विद्यालय" भन्नाले शिशु कक्षा र कक्षा १ देखि कक्षा १० वा वाल कक्षा र कक्षा १ देखि कक्षा १२ सम्म संचालन भएको विद्यालय सम्झनु पर्दछ ।

**२. उदेश्य**

स्थानीय श्रोतको परिचालन मार्फत गाउँपालिका क्षेत्रभित्रका सामुदायिक बिद्यालयहरुमा रहेको तहगत,कक्षागत तथा विषयगत शिक्षकहरुको कमीलाई आंशिक रुपमा पदपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर, शिक्षामा पहुँच र बिद्यार्थीहरुको सिकाई उपलब्धि अभिवृद्धि गरि शैक्षिक स्तर सुधार गर्ने ।

## परिच्छेद २

## शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण गर्ने मापदण्ड तथा आधारहरु

१. शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण गर्दा देहाएका मापदण्ड तथा आधारहरु अबलम्बन गरिने छ ।

क) आधारभूत तह कक्षा १ देखि ५ सम्म संचालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विद्यार्थी चाप बमोजिम दरबन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा १-५ का लागि अर्को व्यवस्था

नभए सम्मका लागि गाउँपालिकाबाट शिक्षक सहयोग अनुदान प्रदान गर्ने ।

ख) आधारभूत तह कक्षा १ देखि ८ सम्म संचालन भएका सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ (साविक निम्न माध्यमिक तह) मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विषयगत दरबन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि अर्को व्यवस्था नभए सम्मका लागि गाउँपालिकाबाट  शिक्षक सहयोग अनुदान प्रदान गर्ने ।

ग) आधारभूत तह कक्षा १ देखि ८ सम्म संचालन भई साविक निम्न माध्यमिक तहको १ दरबन्दी मात्र रहेको सामुदायिक विध्यालयमा आवश्यकताको आधारमा शिक्षक व्यवस्थापन वापत शिक्षक सहयोग अनुदान प्रदान गर्ने ।

घ) माध्यमिक तह कक्षा १-१० संचालन भई कुल शिक्षक दरबन्दी ६ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि शिक्षक सहयोग अनुदान प्रदान गर्ने।

ङ) माध्यमिक तह कक्षा ११-१२ संचालनका लागि अनुमति/स्वीकृत भई कक्षा १२ को शैक्षिक सत्र पुरा गरेका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट कुनै पनि शिक्षक

अनुदान वा दरबन्दी प्राप्त नभएको भए शिक्षक सहयोग अनुदान प्रदान गर्ने ।

च)  न्यून दरवन्दी भएका तथा विद्यार्थी संख्या धेरै भएका साथै अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्ने विद्यालयहरुलाई शिक्षक व्यवस्थापन सहयोग अनुदान कक्षा १-५ वा कक्षा १-३ संचालित विद्यालयलाई शिक्षक सहयोग अनुदान प्रदान गर्न सकिनेछ ।

छ) शिशु कक्षा शिक्षक (स.का.) विद्यालय कर्मचारी र विद्यालय सहयोगीको तलब नेपाल सरकारले निर्धारण गरेको तलव मानको कमिलाई गाउँपालिकाअनुदान बाट पुरा गरिने छ । साथै नियमित संचालनहुने प्रधानाध्यापकहरुको बैठकको खाजा खर्च गाउँपालिका अनुदान बाट प्रदान गरिने छ।

## परिच्छेद ३

## शैक्षिक सुधार तथा शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण सम्बन्धि व्यवस्था

१. परिच्छेद २ को नियम १ क,ख,ग,घ बमोजिमको मापदण्ड पुरा गरेका सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाको विनियोजित बजेटबाट देहाय बमोजिम रकम उपलब्ध गराइनेछ ।

## माण्डवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

## परियोजना/कार्यक्रम अनुसार बजेट बिनियोजन

| कार्यक्रम/क्रियाकलापको नाम | संख्या | महिना संख्या | दर गा.पा.ले थप्ने | जम्मा गा.पा बाट | बै |
|---|---|---|---|---|---|
| शिशु कक्षा शिक्षक (स.का) | ३४ | १३ | ७००० | ३०९४००० | |
| विद्यालय कर्मचारी (लेखापाल) | ५ | १३ | २००० | १३०००० | |
| विद्यालय सहयोगी आधारभूत तह र मा.वि. (९५००) | ९ | १३ | ५५०० | ६४३५०० | |
| विद्यालय सहयोगी (कक्षा १-३) ४०००+२०००=६००० | ४ | १३ | ९००० | ४६८००० | |
| विद्यालय सहयोगी (कक्षा १-५) ४५००+६०००=६५०० | १३ | १३ | ८५०० | १४३६५०० | |
| **जम्मा** | | | | **५७७२०००** | |
| गा.पा. शिक्षक प्रा.वि. तह | १२ | १३ | १५५०० | २४१८००० | |

| | | | | |
|---|---|---|---|---|
| गा.पा. शिक्षक नि.मा.वि. तह | ११ | १३ | १७००० | २४३१००० |
| गा.पा. शिक्षक मा.वि. तह | ७ | १३ | २३००० | २०९३००० |
| **जम्मा** | | | | **६९४२०००** |
| पोशाक | २९ | | ७००० | २०३००० |
| गा.पा शिशु कक्षा त.भ. | १ | १३ | ८००० | १०४००० |
| **जम्मा** | | | | **३०७०००** |
| **क्र.सं. १-१० सम्मको जम्मा** | | | | **१३०२१०००** |
| प्र.अ. बैठक संचालन | | | | ५०००० |
| उत्कृष्ट प्र.अ. प्रोत्साहन कार्यक्रम (तलबको ५%) | | | | ४००००० |
| कक्षा ५ र ८ को परीक्षा संचालन व्यवस्थापन | | | | १८०००० |
| विद्यालय अनुदान कार्यक्रम | | | | १२००००० |
| **जम्मा** | | | | **१८३००००** |
| **क्र.सं. १-१४ सम्मको जम्मा** | | | | **१४८५१०००** |

२. उल्लेखित सहयोग अनुदान वितरण गर्दा बिद्यालयको हालसम्मको शैक्षिक प्रगति विवरणलाई समेत अधार बनाइनेछ ।

३. यस कार्यविधि बमोजिम एक पटक अनुदान पाइसकेका विद्यालयलाई साविकको शिक्षक दरबन्दीमा थप भएको विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको लगायत अन्य मनासिब कारण नदेखिएमा दिदै आएको अनुदान रकम कट्टा गरिनेछ ।

४. अघिल्लो आ.व. मा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति विवरण र आगामी आ.व. को योजना प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. यो कार्यविधि बन्नु अघिको कार्यविधि बाट छनौट भएका गाउँपालिका अनुदान शिक्षकहरुको तलब औचित्य हेरी निरन्तरता दिइने छ ।

६. गाउँपालिकाबाट विनियोजन हुने बजेटको आधारमा नियम ३ मा तोकिएको विद्यालयलाइ प्रदान गरिने अनुदान रकममा आवश्यकता अनुसार हेरफेर गर्ने सकिनेछ ।

७ यो कार्यविधि लागु हुनु अगाबैका गा. पा. अनुदानबाट नियुक्ति पाएका शिक्षकहरु र अव विज्ञापनबाट छनोट हुने गा. पा. अनुदान शिक्षकहरुको नियुक्ति यसै कार्यविधि अनुसार भएको हुनेछ ।

## परिच्छेद ४
## शिक्षक व्यवस्थापन सम्बन्धि व्यवस्था

४. परिच्छेद ३ बमोजिम अनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाको आधारमा शिक्षक व्यवस्थापन गर्नुपर्नेछ ।

क. **उपर्युक्त अनुसारका दरबन्दीहरुमा पदपुर्ति गर्दा आवश्यक पर्ने कागजातहरु**

१. शैक्षिक योग्यताका प्रमाण पत्रहरु

२. नेपाली नागरीकताको प्रमाण पत्र

३. शिक्षण अध्यापन अनुमति पत्र

४.सम्बन्धित विषयमा १५ दिन सम्म आम सञ्चार माध्यमबाट सूचना गर्दा पनि शिक्षण अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवारको दरखास्त नपरेमा पुन १५ दिनको म्याद राखि अध्यापन अनुमति पत्र प्राप्त नभएको उम्मेदवारले पनि दरखास्त दिन सक्नेछ ।

५. दरखास्त दस्तुर  निम्नानुसार छ ।

| **क.सं.** | **तह** | **दरखास्त दस्तुर** |
|---|---|---|
| १ | प्राथमिक | ५०० |
| २ | निम्नमाध्यमिक | ७०० |
| ३ | माध्यमिक | १००० |
| ४ | उच्च माध्यमिक | १२०० |

उपरोक्त शिक्षक पदमा उम्मेदवार छनोट गर्न देहाय बमोजिमको परीक्षा लिइनेछ ।

६.परीक्षाको किसिम

शिक्षक सेवा आयोगको निर्धारित पाठयक्रम अनुसार हुनेछ

क)  लिखित परीक्षाको प्रथम पत्र  पूर्णाङ्क  –  १००
ख)  लिखित परीक्षाको द्धितिय पत्र  पूर्णाङ्क  –  १००
ग) अन्तरवार्ताको पूर्णाङ्क  –  २५
घ) आवश्यक परेमा प्रयोगात्मक परीक्षा लिन सकिनेछ

७. परीक्षा समिति

संघीय दरबन्दी, राहत, विद्यालय कर्मचारी र संघीय अनुदान करार शिक्षक नियुक्त गर्दा संघीय शिक्षा ऐन नियम बमोजिम गर्ने र गाउँपालिकाले आन्तरिक श्रोतबाट भर्ना गर्ने अनुदान शिक्षकको हकमा देहाय बमोजिमको शिक्षक एवं कर्मचारी छनौट समितिबाट छनौट गर्नेछ ।

क. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपलिककाको अधिकृत स्तरको कर्मचारीः संयोजक

ख. गाउँपालिकाले तोकेको बढिमा २ जना बिषय विज्ञ : सदस्य

ग. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्षः सदस्य

घ.सम्बन्धित विद्यालयको प्रध्यानाध्यापकः सदस्य

ङ. गाउँपालिका शिक्षा अधिकृतः सदस्य-सचिव

८ .लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. परीक्षा केन्द्रको सचिवालय गाउँपालिकाको कार्यलयमा रहने छ ।

१०. गाउँपालिकाले विषय विज्ञ तोक्दा गाउँपालिका भित्रका विषय विज्ञहरुको सुची तयार गरि सो सूचीमा भएका विषय विज्ञहरुलाई परीक्षा संचालनका लागि आमन्त्रण गर्न सक्ने छ ।

११ संघीय दरबन्दी, राहत, विद्यालय कर्मचारी र संघीय अनुदान करार शिक्षक नियुक्त गर्दाको परीक्षा संचालन खर्च बापतको रकम सम्बन्धित विद्यालयले र गाउँपालिका अनुदान

करार शिक्षक छनौट गर्दाको परीक्षा संचालन खर्च वापतको रकम गाउँपालिकाले भुक्तानी दिने छ।

## परिच्छेद ५
## प्रधानाध्यापक सम्बन्धी व्यवस्था

१. विद्यालयमा प्राज्ञिक एवम प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने छ।

२. वि.व्य.स./गाउँपालिकाले विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिका लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभुत तहको हकमा स्नातक तह, र मा.वि.तहको हकमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त आह्वान गर्नेछ। तर शिक्षा शास्त्र विषयमा सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता परीक्षा उत्तीर्ण गरी पाच वर्ष स्थायी सेवा गरेको शिक्षक सम्बन्धित तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउने छ।

३.उपनियम २ बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्याद भित्र विद्यालय विकास प्रस्ताव सहित वि.व्य.स./गाउँपालिका समक्ष दरखास्त दिन सक्नेछ।

४. उपनियम ३ बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त वि.व्य.स./गाउँपालिकाले शिक्षक छनोट समिति समक्ष पठाउनेछ ।

५. उपनियम ४ बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्रधानाध्यापक छनोट समितिले अनुसूची १ मा उल्लेखित आधारमा मूल्याङकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियूक्ति गर्न वि.व्य.स./गाउँपालिका समक्ष सिफारीस गर्नु पर्ने छ ।

तर ५० अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियूक्तिका लागि सिफारीस गरिने छैन ।

४. विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्य दक्षता करार गरी वि.व्य.स./गाउँपालिकाले १५ दिन भित्र प्रधानाध्यापकको पदमा नियूक्ति गर्नेछ ।

५ प्रधानाध्यापकको पदावधि पाच वर्षको हुनेछ । निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

६. प्रधानाध्यापकले आफूले गरेको कार्य दक्षता करार बमोजिम काम नगरेको वा ,निजको कार्य सन्तोषजनक नभएको,वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित निरीक्षकले दिएको प्रतिवेदन र वि.व्य.स.को सिफारीसबाट देखिएमा निजलाई जहिलेसुकै पदबाट हटाउन सकिनेछ ।

७. प्रधानाध्यापक अनुपस्थित भएमा वा पद रिक्त भएमा पदपुर्ति नभए सम्मकालागि सो विद्यालयमा कार्यरत शिक्षकहरु

मध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भइ कार्य गर्नेछ ।

८. संघीय शिक्षा नियमावलीको नियम ९३ उप नियम २ र गाउँ शिक्षा नियमावली २०७४ नियम ५० को उपनियम २ बमोजिम प्रधानाध्यापक सम्बन्धि ब्यवस्था गरिनेछ यसरी व्यवस्था गर्दा संघीय नियमावली र गाउँ शिक्षा नियमावलीले निर्धारण गरेको प्रक्रिय अनुरुप हुनेछ । यो कार्यविधि कार्यान्वयन हुनु अगाबै संघीय ऐन नियम र गाउँपालिका नियमावली अनुरुप नियुक्ति लिएका प्रधानाध्यापकहरु बाहेक ऐन नियम बमोजिम नियुक्ति नभएका प्रधानाध्यापकहरुलाई नियमानुसार नियुक्ति प्रक्रिया यथाशिघ्र अगाडी बढाइने छ ।

तर सम्बन्धित तहमा न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त आह्वान गर्दा पनि दरखास्त नआएमा दाश्रो पटकको विज्ञापनमा म्याद भित्र स्थायी/करार/राहत /अनुदान शिक्षकले दरखास्त दिन सक्नेछन। माथिकै प्रकृया अनुसार छनोट भएका उत्कृष्ट कार्यसम्पादन मुल्यांकन गर्ने प्रध्यानाध्यापकहरुले स्केलको ५ प्रतिशत प्रोत्साहन पुरुस्कार दिन सकिनेछ।

## परिच्छेद ६
## प्रध्यानाध्यापक छनौट सम्बन्धि व्यवस्था

### १.शैक्षिक योग्यता

क न्यूनतम शैक्षिक योग्यता १५

ख.माथिल्लो शैक्षिक योग्यता १०

**२ शिक्षण अनुभव २५**

**३ तालिम**

क शैक्षिक तालिम १०

ख. प्र.अ.व्यवस्थापन तालिम २

**४.अध्यापन गरेको विषयमा प्राप्त नतिजा १२**

**५.विद्यालय विकास प्रस्ताव**

क विद्यालय विकास प्रस्ताव लेखन १०

ख विद्यालय विकास प्रस्ताव प्रस्तुतीकरण ४

**६ नेतृत्व लिने क्षमता**

क. गाउँपालिकाको अध्यक्षको मुल्यांकन ५

ख व्यवस्थापन समितिको मूल्याङकनबाट ५

ग. सम्बन्धित विद्यालयको शिक्षकको मूल्याङकनबाट २

## परिच्छेद ७

## विद्यालयहरुलाई उपलब्ध गाराइने शिक्षक तथा कर्मचारी दरबन्दी

१ . गाउँपालिकाबाट उपलब्ध गराइने अनुदानबाट विद्यालयहरुलाई देहाय बमोजिमको अनुदान दरबन्दी हुने छ ।

| क्र.स. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बा.बि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
| १ | स्वर्गद्धारी प्रा.वि. माण्डवी ४ सिरवारी | ०-४ | ५७ | ० | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जनज्योती प्रा.वि.माण्डवी ४ धनचौर | ०-४ | ६२ | १ | ० | ० | ० |
| ३ | सरस्वती प्रा.वि. माण्डवी ४ मुकचौर | ०-४ | ६७ | ० | १ | ० | ० |
| ४ | ऐश्वर्य प्रा.वि.माण्डवी ४ डाँडाकटेरी | ०-४ | ९८ | ० | ० | ० | ० |
| ५ | कामाक्षी मा.वि.माण्डवी ४ उदयपुरकोट | ०-१० | ७०८ | ० | २ | १ | १ |
| ६ | यज्ञश्वरी प्रा.वि. माण्डवी ४ सल्लिखर्क | ०-५ | ७६ | ० | ० | ० | ० |
| ७ | आधार प्रा.वि. माण्डवी २ धनचौर | ०-३ | ६२ | ० | ० | ० | ० |
| ८ | बालज्योती प्रा.वि. माण्डवी २ खुक्लिचौर | ०-१ | ११ | ० | ० | ० | ० |
| ९ | सुन्नानी आ.मा.वि. माण्डवी २ रातापानी | ०-१० | ५८७ | ० | ० | १ | १ |
| १० | ने.रा.प्रा.वि.माण्डवी २ मर्कावाङ्ग | ०-५ | १४१ | ० | २ | ० | ० |
| ११ | गणेश आ.वि. माण्डवी २ ढिकावन | ०-८ | २८३ | ० | ० | २ | ० |
| १२ | ने.रा.प्रा.वि.माण्डवी २ ढाँड | ०-५ | १२७ | ० | १ | ० | ० |
| १३ | माण्डवी मा.वि. माण्डवी ३ नयाँगाउँ | ०-१२ | ११२४ | ० | ० | १ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | भवानीश्वरी आ.वि. माण्डवी ३ जस्पुर | ०-८ | २२९ | ० | ० | १ | ० |
| १५ | रामेश्वरी प्रा.वि. माण्डवी ३ आँपचौर | ०-५ | ८२ | ० | ० | ० | ० |
| १६ | कृष्ण आ.वि. माण्डवी ३ मार्सिवाङ्ग | ०-८ | २०९ | ० | ० | २ | ० |
| १७ | परमेश्वरी प्रा.वि. माण्डवी ३ सल्लिकोट | ०-२ | ३४ | ० | १ | ० | ० |
| १८ | ने.रा.आ.वि. माण्डवी ५ जुजेनेटा | ०-८ | १६० | ० | ० | १ | ० |
| १९ | ज्योती प्रा.वि. माण्डवी ५ चकचके | ०-५ | १२६ | ० | ० | ० | ० |
| २० | बागिश्वरी मा.वि. माण्डवी ५ तिग्रा | ०-१० | ३१२ | ० | १ | १ | २ |
| २१ | खड्ग प्रा.वि.माण्डवी ५ चिन | ०-५ | ७६ | ० | ० | ० | ० |
| २२ | अरुणा भ. प्रा.वि. माण्डवी १ कुमालटार | ०-५ | ९६ | ० | ० | ० | ० |
| २३ | गणेश प्रा.वि. माण्डवी १ तिराम | ०-५ | १५० | ० | १ | ० | ० |
| २४ | गणेश मा.वि. माण्डवी १ तिराम | ०-१२ | ५३९ | ० | ० | १ | ० |
| २५ | ने.रा.आ. वि माण्डवी १ थक्लेनी | ०-७ | १७६ | ० | १ | ० | ० |
| २६ | लोकभक्त प्रा.वि. माण्डवी १ सिमल्चौर | ०-३ | ४५ | ० | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | ५६३७.०० | १ | १२ | ११ | ७ |

## विद्यालय अनुदान प्राप्त गर्ने विद्यालयहरुको नामावली

| क्र.स. | विद्यालयको नाम | विद्यालय एक मुष्ट अनुदान |
|---|---|---|
| १ | स्वर्गद्धारी प्रा.वि. माण्डवी ४ सिरवारी | ५0000 |
| २ | जनज्योती प्रा.वि.माण्डवी ४ धनचौर | १00000 |
| ३ | सरस्वती प्रा.वि. माण्डवी ४ मुकचौर | १00000 |
| ४ | ऐश्वर्य प्रा.वि.माण्डवी ४ डाँडाकटेरी | १00000 |
| ५ | यज्ञश्वरी प्रा.वि. माण्डवी ४ सल्लिखर्क | १00000 |
| ६ | आधार प्रा.वि. माण्डवी २ धनचौर | १00000 |
| ७ | रामेश्वरी प्रा.वि. माण्डवी ३ आँपचौर | १00000 |
| ८ | ज्योती प्रा.वि. माण्डवी ५ चकचके | १00000 |
| ९ | खड्ग प्रा.वि.माण्डवी ५ चिन | १00000 |
| १० | अरुणा भ. प्रा.वि. माण्डवी १ कुमालटार | १५0000 |
| ११ | ने.रा.आ. वि माण्डवी १ थक्लेनी | १00000 |
| | जम्मा | ११00000 |

**प्रमाणीकरण मिति : २०७८/०८/०३**

**आज्ञाले,**
**शिसिर रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**